# भूमे साप्ताहिक

वर्ष ५ अङ्क २७ २०८० मंसिर ०६ बुधबार



## सम्पादकीय

# चिसोबाट बच्न सचेतना अपनाऔं

हिउँदयाम सँगै चिसो निकै बढेको छ। भौगोलिक रुपमा उच्च पहाडी क्षेत्र रहेको हाम्रो भूमे गाउँपालिका मात्रै होइन रुकुम (पूर्व) को जनजीवन नै जाडोयाममा प्रभावित हुने गर्दछ । यस वर्ष पनि मंसिर लागे सँगै बढेको चिसो बढिरहेको छ ।

दिउँसो हल्का घाम लागे पनि बिहान बेलुका निकै चिसो बढिरहेको छ । बिहानको समयमा हुस्सु लाग्ने, चिसो खालको सिरेटो चल्ने प्रक्रिया शुरु भइसकेको छ । बिस्तारै पुसदेखि उच्च पहाडी क्षेत्रमा हिमपात हुने गर्दछ । त्यसैले चिसोबाट बच्न न्यानो कपडा लगाउने, आगो ताप्ने, तातो पानी पिउने जस्ता सहजै उपलब्ध हुने कार्य गर्न जरुरी छ ।

चिसो मौसममा बालबालिका र ज्येष्ठ नागरिकलाई विशेष स्याहार गर्नुपर्दछ । यस्तो बेला रुघाखोकी, निमोनिया, दम लगायतका चिसोबाट लाग्ने रोगहरूले छिट्टै आक्रमण गर्ने भएकाले पालिकावासी सबैले सचेतना अपनाउनु हुन हामी विशेष आग्रह गर्दछौं । चिसोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# खोप किलिनिक निर्माणका लागि देउसी भैलौ बाट ९५ हजार बढी रकम संकलन ।

❖ बालाराम शेर्पाली

**देउसी भैलौ कार्यक्रम सिम खोला तोलमा पुगेर अन्त्य भएको बताइएको छ । करीब ३ दिनको देउसी भैलो कार्यक्रममा ९५ हजार ३ सय २०रुपैयाँ संकलन भएको गाउँघर खोप किलिनिक जग्गा व्यवस्थाप**




रुकुम पूर्वको भुमे गाउँपालिका वडा नम्बर ८ मा निर्माण हुन लागेको गाउँघर खोप किलिनिक जग्गा व्यवस्थापनका लागि देउसी भैलौ खेलिएको छ। भूमे गाउँपालिका वडा नम्बर ८ मा निर्माण हुन लागेको गाउँघर खोप किलिनिक जग्गा व्यवस्थापन समिती कोबाङ रुकुम पूर्वको आयोजनामा देउसी भैलो कार्यक्रम सम्पन्न भएको हो ।

जान बहादुर ओलीको अध्यक्षतामा कार्तिक २६ गते देखि सुरु भएको उक्त देउसी भैलौ २८ गते सम्पन्न भएको बताइएको छ । गाउँघर खोप किलिनिकको लागि जग्ग व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक संकलण गर्ने उदेश्यका साथ देउसी भैलौ खेली केही आर्थिक रकम संकलन गरिएको छ । मैकादा तोल देखि सुरु भएको उक्त देउसी भैलौ कार्यक्रम सिम खोला तोलमा पुगेर अन्त्य भएको बताइएको छ । करीब ३ दिनको देउसी भैलो कार्यक्रममा ९५ हजार ३ सय २०रुपैयाँ संकलन भएको गाउँघर खोप किलिनिक जग्गा व्यवस्थापन समितीका सचिव झक्कु पुनले जानकारी दिनुभएको छ। ३ दिनको अबधिमा नसोचेकै रकम संकलन हुदा गाउँघर खाेप किलिनिक बन्ने कुरामा त्यहाँका स्थानियहरु खुसी भएका छन ।स्थानियका अनुसार स्वास्थ्य चौकी धेरै टाढा हुदा बर्खाको समयमा

पहिराको करण बटो अबरुध हुने र बिरामिलाई आवत जावतमा समस्या हुने गरेको छ । अब भने गाउँघर खोप किलिनिक गाउँमै बन्ने भए पछि दुःख कम हुने स्थानीयहरुको विश्वास रहेको छ ।गाउँघर खोप किलिनिक जग्गा व्यवस्थापन समितिका अध्यक्ष जान बहादुर ओलीले अब छिटै खोप किलिनिक निर्माणको कामलाई अगाडि बढाइने बताउदै सबै सहयोगी मनहरुलाई धन्यवाद दिनुभएको छ । त्यस्तै उहाले अझै सबैमा सहयोगको पनि अपेक्षा गर्नुभएको छ ।

# भूमेको कुचिबाङमा गोरु जुधाई मेला सम्पन्न ।

❖ बालाराम शेर्पाली


**परा पूर्व काल देखी चल्दै आएको चलन तथा मौलिकता लाई जोगाउनु पर्छ भन्ने हिसाबले युवाहरुले पनि यो परम्परालाई जोगाउने गर्नुपर्छ।**

गाईलाई तोरण बाटेर एक ठाउँ बाट अर्को ठाउँ मा रुख तथा खोला आदिमा तोरण बाध्ने चलन छ । यो विशेषगरी पहाडी जिल्ला हरुमा अल्ली बढी छ ।सोही क्रममा हिजो जिल्लाको भूमे गाउँपालीका वडा नम्बर ८ का विभिन्न स्थामा तोरण बाटेर एकै ठाँउमा जम्मा पारी खोलामा लगेर खोलाको एक छेउ देखि अर्को छेउमा तोरण टागिएको



छ। गाउँका सबै गाई बाख्रा एकै साथा नुन पोख्रे थलामा रोकाका अनुसार यो परम्परालाई पर्प संगै प्रतियोगिताको रुपमा पनि लिनेगरिएको र किसाहरुले गोरु जुधाएर मनोरन्जन लिने गर्छन् । गोरु जुधाई मेला हेर्न भूमे गाउँ पालिका आसपासका मान्छेहरु मेला हेर्न पुग्ने गर्छन् । गोरु जुधाउने मेलालाई देशकै एकमात्र नमूना र पहिचानको रुपमा परिचित बनाउने काम सरकारले गरिदिन्छकि भन्ने कुरामा त्यहाँका स्थानीय वासीहरु आशावादी रहेका छन । गोरु जुधाई प्रतियोगितामा ८ वटा गोरुहरुलाई सहभागी बनाइएको थियो । जसमा भूमे - ८ कोर्जा ,नाम्फुका रामबहादुर रोका प्रथम हुनुभएको छ उहाले नगत रु १० हजार प्राप्त गर्नुभएको छ ।

जम्मा पारी सबैले एकै साथमा सबै गाई बाख्रालाई नुन पोख्रे परम्परा अनुसार सोही प्रक्रिया हिजो पनि गरिएको छ। परा पूर्व काल देखी चल्दै आएको चलन तथा मौलिकता लाई जोगाउनु पर्छ भन्ने हिसाबले युवाहरुले पनि यो परम्परालाई निरन्तरता दिएका छन । यति मात्रै नभइ गोरु जुधाउने परम्परालाई पनि निरन्तरता दिइएको छ । किसानहरुले पालेको गोरुहरु जुधाएर परम्परालाई निरन्तरता दिएका छन ।गोरुहरु जुधाएर परम्परा पुस्तौंदेखि चल्दै आएको युवा तथा समाजसेवी रवि रोकाले बताउनुभएको छ ।



त्यस्तै दोस्रो हुने भुमे ८ नाम्फुकै अनिल रोकाले नगत रु ७ हजार तेस्रो हुने भूमे -८ कोर्जा ,मैगानाका दिलबहादुर वलीले नगत रु ५ हजार र सान्त्वना हुने भूमे -८ कुचिबाङका लालबहादुर रोकाले नगत रु २ हजार पुरस्कार प्राप्त गर्नु भएको छ ।

# हेर्दा शान्त चुनवाङका अनेक छटपटी




युद्धकालमा चुनबाङमा आफू बसेको घरमा प्रधानमन्त्री प्रचण्ड । फाइल फोटो/प्रधानमन्त्रीको सचिवालय

**रोल्पाको थवाङबाट रुकुमपूर्वको चुनवाङ पैदल आउन पाँच घण्टा जति लाग्छ । थवाङबाट सशस्त्र युद्धको बाटो रोजेको माओवादीलाई चुनवाङबाट शान्तिको बाटो लिन १० वर्ष लागेको थियो ।माओवादीको इतिहास लेखिंदा थवाङको इतिहास जति महत्वका साथ लेखिन्छ, चुनवाङको इतिहास पनि त्यत्तिकै वा त्योभन्दा बढी महत्वका साथ लेखिनेछ । किनभने युद्धबाट शान्तिमा आउन माओवादीले असोज २०६२ मा चुनवाङमा १७ दिन लगातार बैठक गरेको थियो । त्यो घटना पनि अब त १७ वर्ष पुगेछ**

प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड थवाङ पुगेका थिए । उनले त्यहाँबाट नयाँ किसिमको क्रान्ति गर्ने बाचा पनि गरे । उनी आफूलाई शान्तिको बाटोमा ल्याएर तीन–तीनपल्ट प्रधानमन्त्री बनाउन योगदान दिने चुनवाङ आइनपुगेको भने सात वर्ष भयो ।हाल तेस्रोपल्ट प्रधानमन्त्री रहेका प्रचण्डले आफू दोस्रोपल्ट

प्रधानमन्त्री छँदा बेला २०७३ मा चुनवाङ पुगेर ती पुराना बैठक घर हेरेका थिए, जुन घर र गोठमा भएका सघन छलफलले उनलाई शान्तिमार्गमा हिंडाएका थिए । अझ लावाङमा बाबुराम भट्टराईमाथि भएको पार्टी कारबाही फुकाउन पनि उनले चुनवाङलाई नै मुकाम बनाउनु परेको थियो ।अचेल प्रचण्डसँग भट्टराई साथमा छैनन् । युद्धकालका साथीहरू मोहन वैद्य 'किरण', रामबहादुर थापा 'बादल', नेत्रविक्रम चन्द 'विप्लव' पनि दल छाडेर गइहाले । २०७३ पुस ९ गते चुनवाङ पुग्दा प्रचण्डले धेरैबेर नियालेर हेरेका थिए– आफू बसेको दुईतले घर, त्यहाँबाट कथं भाग्नुपरेमा निस्कन मिल्ने धेरै वटा ढोका भएका कोठाहरूलाई । पत्नी सीता, नेताहरू नारायणकाजी श्रेष्ठ, रामबहादुर थापा, टोपबहादुर रायमाझी आदिलाई उनले ती कोठाहरू देखाउँदै व्याख्या गरेका थिए ।

त्यसयता प्रचण्ड फेरि एकपल्ट प्रधानमन्त्री बनिसकेका छन् । रायमाझी नेपालीलाई नक्कली भुटानी बनाउने खेलका हिस्सेदार भएर जेलमा पुर्पक्षको सजाय भोगिरहेका छन् । बाबुराम भट्टराई नेपाल समाजवादी पार्टीमा छन् । बादल एमालेमा छन् । पत्नी सीताको यसै वर्ष असारमा देहान्त भयो । चुनवाङ बैठकताका माओवादीभन्दा बाहिर रहेका नारायणकाजी श्रेष्ठचाहिं प्रचण्डको मन्त्रिपरिषद्मा अहिले गृहमन्त्री छन् ।माथि नै भनियो, ५ असोज २०६२ देखि २३ असोजसम्म १७ दिनसम्म बसेको चुनवाङले माओवादीलाई मात्रै शान्तिमा ल्याएन, देशलाई नै युद्धको विभीषिकाबाट




मुक्त गर्न सफल भयो । सोही वर्ष अर्थात् २०६२ मंसिरमा नयाँदिल्लीमा संसदीय दलहरूसँग भएको १२ बुँदे सहमति माओवादीको त्यही चुनवाङ निर्णयको अर्को कडी थियो ।अनलाइनखबरको टोलीले गत कात्तिकको अन्तिम साता त्यही चुनवाङ पुगेर इतिहास र वर्तमानको ट्रेल पछ्याउन खोजेको थियो । यादरहोस्, प्रचण्डले सात वर्षअघि उद्घाटन गरेको युद्ध सम्झाउने गुरिल्ला ट्रेल अचेल कम आकर्षणको विषय भएको छ । यद्यपि युद्धकालका घटना सम्झाउने विभिन्न सामग्री भने त्यहाँ हेर्न पाइएकै छ ।द्वन्द्वका बेला माओवादीको एउटा महत्वपूर्ण गढ मानिन्थ्यो चुनवाङ । जनमुक्ति सेनाका तालिमदेखि सबैखाले प्रशिक्षण चुनवाङ केन्द्रित भए । स्थानीय माओवादी नेताहरूका अनुसार त्यो बेला माओवादीका सबैजसो ठूला नेता चुनवाङमै बस्ने गर्थे । त्यहीं बसेर विभिन्न जिल्लामा आक्रमणदेखि अन्य रणनीतिक योजना बनाउँथे चुनवाङको २०६२ कै केन्द्रीय समिति बैठकले 'दुस्मनको ढाडमा टेकेर टाउकोमा हान्ने' जस्ता फौजी आक्रमणका रणनीतिहरू बनाएको थियो ।तत्कालीन विद्रोही पक्षका गतिविधि बढेपछि राज्य पक्षको नजर पनि चुनवाङमा पर्यो । त्यससँगै विभिन्न तनाव सुरु भए । घरबाट सर्वसाधारण मार्ने र बेपत्ता पारिने कार्यहरू भए । यहाँका बासिन्दाहरू राज्य र विद्रोही दुवै पक्षको चपेटामा परे।युद्धकै क्रममा चुनवाङमा ठूला घटनाक्रम भए । द्वन्द्वकालभरि चुनवाङबाट मात्रै विद्रोही पक्षका ३० र राज्य पक्षका ४ जना गरी ३४ जना मारिए भने १०० बढी अंगभंग र घाइते भए।

२०६२ असोजमा तत्कालीन विद्रोही पार्टी माओवादीका प्रमुख नेता प्रचण्ड सहित बाबुराम भट्टराई, कृष्णबहादुर महरा, रामबहादुर थापा 'बादल' लगायत माओवादीका शीर्ष नेताहरूको केन्द्रीय कमिटीको बैठक चुनवाङमा बस्दै थियो ।पार्टीका प्रमुख नेता आउने भएपछि २०६२ को असोजमा अगाडि नै बैठकको तयारी सुरु भइसकेको थियो । त्यसमा प्रमुख चुनौती थियो, सुरक्षा व्यवस्था । युद्धका कमाण्डर प्रचण्ड आउने भएपछि सुरक्षा व्यवस्थामा एकदमै कडाइ गरियो ।त्यो बैठक व्यवस्थापनको जिम्मा पाए, स्थानीय माओवादी नेता दयाल सिंह पुन (चटयाङ)ले ।उनका अनुसार नेताहरूको सुरक्षाका लागि बाहिरी र भित्री तीन वटा घेराले सुरक्षा व्यवस्था कडाइ गरिएको थियो।'रोल्पा, बाग्लुङ, रुकुमपश्चिमका क्षेत्रमा माओवादी सेनाको पहिलो घेरा बनाइयो' उनी भन्छन्, 'त्यसपछि चुनवाङका डाँडा र प्रचण्ड बस्ने घरमा माओवादी सेनाको अर्को घेरा





कडा सुरक्षा व्यवस्थाका बीच असोजमा भेरीडाँडाको गाउँकै स्थानीयको गोठमा माओवादीको केन्द्रीय कमिटीको बैठक बस्यो । बैठक यस्तो समयमा बस्दै थियो, जतिबेला बाबुराम कारबाहीमा थिए । बैठकभन्दा ठिक अघिसम्म उनलाई छिमेकका बस्तीमा आफ्नै जनमुक्ति सेनाहरूले नै घेरा हालेर राखेको अवस्था थियो । 'द्वन्द्व जति–जति उत्कर्षमा पुग्दैथियो, त्यति नै पार्टीभित्र पनि एकखालको अन्तरद्वन्द्व सुरु भइसकेको थियो' उनले भने, 'चुनवाङ बैठकसम्म आइपुग्दा कार्यकर्ता तहमै प्रचण्ड पक्ष र बाबुराम पक्षको भनेर टुटफुटको मानसिकता देखिन्थ्यो ।'चुनवाङ बैठकमै पार्टीको सांस्कृतिक परिवारले नृत्य, गायन र अभिनय सहितको सांस्कृतिक कार्यक्रम राखेको थियो । माओवादी नेता प्रचण्ड, बाबुराम, कृष्णबहादुर महरा, रामबहादुर थापा, नन्दकिशोर पुन जस्ता शीर्ष नेताहरू सहभागी थिए । कर्ण परियार 'विद्रोही' सहितको सांस्कृतिक टोलीले 'टुटफुट र खण्डित कुरा नगर' गीत गाए । उनकै स्वरमा श्रीमान् गुमाएकी दिलमाया रोकाको गीति अभिनय देखाइयो । पिठ्युँमा बच्चा बोकेर दिएको उनको प्रस्तुति एकदमै मार्मिक थियो । त्यस दिन त्यहाँ देखाइएको सांस्कृतिक प्रस्तुतिहरू पार्टीमा देखिएको आन्तरिक मतभेद, वैचारिक द्वन्द्व र लडाकु कार्यकर्तामा देखिएको भाव झल्काउने खालको थियो । 'त्यसपछि माहोल एकाएक भावुक बन्यो । प्रचण्ड, बाबुराम, कृष्णबहादुर महराका आँखाबाट आँसु गुनासै गुनासा छन् । चुनवाङलाई माओवादीले पनि उपेक्षा गरेको उनीहरू बताउँछन् ।'यहाँ विकास पनि सुस्त छ' स्थानीय कर्णबहादुर वली भन्छन्, चुनवाङवासीको द्वन्द्वको



बगे' उनले त्यो दिन सम्झँदै भने, 'प्रचण्ड र बाबुराम भट्टराई धेरैपछिसम्म पनि आँखा बन्द गरेर रोइरहे । त्यो दिन नरुने नेता, कार्यकर्ता कोही थिएनन् ।

चुनवाङमा माओवादी शीर्ष नेताहरूले करिब १७ दिन बिताए । पार्टी बैठक भेरीडाँडाकै एउटा गोठमा बसेको थियो । बैठकमा नेताहरूले आत्मसमीक्षा गर्दै आफैं रोए' प्रत्यक्षदर्शी रहेका माओवादी नेता पुन भन्छन्, 'त्यो बेला प्रचण्ड, रामबहादुर, बाबुराम लगायत शीर्ष नेताहरू सबै रोएका थिए ।लगातार १७ दिन चलेको केन्द्रीय कमिटीको बैठकले नै प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रमा जाने र कांग्रेस, एमाले लगायत दलसँग सहकार्य गर्ने निष्कर्ष निकाल्यो । त्यही निर्णयमा टेकेर २०६३ मंसिर ५ गते १२ बुँदे शान्ति सम्झौता भयो । माओवादीको चुनवाङ बैठक युद्ध अन्त्य गर्ने एउटा कोसेढुंगा बन्यो । त्यही बैठकपछि त हो, प्रचण्डले पहिलो पटक जनतासमक्ष सार्वजनिक सम्बोधन गरेको । त्यसअघि प्रचण्डलाई देख्ने कमै मान्छे थिए । उनका सीमित नेता र कार्यकर्ता बाहेक अरूले देखेका थिएनन् ।तत्कालीन रुकुमको चुनवाङ गाविस हाल रुकुमपूर्वको भूमे गाउँपालिका–९ मा पर्छ । द्वन्द्वका क्रममा निकै मार खेपेको चुनवाङ शान्ति सम्झौता यता शान्त छ । कुनै समय बन्दुक र गोला बारुदको गन्ध आउने चुनवाङमा त्यसयता यहाँ कुनै हिंसात्मक घटना भएका छैनन् ।मुलुकलाई नै शान्ति प्रक्रियाको मार्गमा ल्याउन महत्वपूर्ण भूमिका खेलेको चुनवाङ अहिले उपेक्षामा राखेकोमा चुनवाङवासीका

घाउ मेटाउन कसैले केही काम गरेनन् ।'उनका अनुसार द्वन्द्वका बेला यहाँ यातना नपाएको कोही छैन । हरेक

जसो घरबाट कोही न कोहीले परिवार र आफन्त गुमाएका

भएका छन् । 'चुनवाङमा द्वन्द्वपीडितको घाउ अझै पनि आलै छ' उनले भने, 'पीडितको घाउ बिर्साउन लायक कुनै नमूना काम भएको छैन ।' कतिसम्म भने चुनवाङबाटै द्वन्द्वका बेला बेपत्ता पारिएका पाँच जना परिवारले अहिलेसम्म राहत समेत पाएका छैनन् ।चुनवाङ भेरीडाँडाकै शशिकला डाँगी पनि द्वन्द्वमा धेरै चपेटामा परे पनि आफूहरूले विकास नपाएको बताउँछिन् । 'द्वन्द्वमा हामीले त्यत्रो दुःख झेल्यौं' उनले भनिन्, 'अब त विकास होला भन्यो, केही भएन । नेताहरूले हामीलाई प्रयोग मात्र गरे ।'द्वन्द्वकालकै बेला चुनवाङकै मनकुमारी रोकाका १५ वर्षे छोरा पूर्णबहादुर रोका बेपत्ता पारिए । छोरो बेपत्ता पारिएदेखि उनको मन शान्त छैन । अरू त अरू राज्यले समेत उनको छोरालाई बेपत्ताको सूचीमा राखेन । 'युद्धले छोरो त खायो, खायो' उनले भनिन्, 'छोरालाई राज्यले पनि बेपत्ताको सूचीमै राख्न मानेन ।' छोरालाई बेपत्ताको सूचीमा नराखेकाले उनले राहत पनि पाइनन् । राज्यले गरेको अन्यायपूर्ण व्यवहार सम्झेर अहिले पनि उनका आँखामा आँसु रोकिँदैन ।चुनवाङले द्वन्द्वकालका बेला चुकाउनु परेको मूल्य अनुसार विकास नपाएको भुमेगाउँपालिका–९ चुनवाङका वडाध्यक्ष विनोद बुढा बताउँछन् । 'युद्धपछि यहाँ बाटोघाटो पुगेको छ । केही विकास पक्कै भएको छ' उनले भने, 'तर चुनवाङले जतिपाउनुपर्ने हो, त्यति पाएको छैन ।' उनका



छन् । घाइते, अपांग

अनुसार चुनवाङसम्म कच्ची बाटो पुगे पनि बर्खामा पहिरोले सडक अवरुद्ध हुन्छ । केही वर्षअघि मात्र त्यहाँ मोबाइल चल्ने टावरसम्म पुगेको छ । पानीको स्रोत प्रशस्त हुँदाहुँदै पनि त्यसलाई व्यवस्थित गर्न सकिएको छैन ।**अमेरिका छिर्ने लहर** द्वन्द्वपछि रुकुममा सुरु भएको अमेरिका जाने लहर चुनवाङसम्म छिरेको छ । यहाँका अधिकांश युवा एजेन्टलाई मोटो रकम बुझाएर अवैध बाटोबाट अमेरिका हिंडेका छन् ।चुनवाङकै वडा सदस्य हुन्, गणबहादुर पुन । केही वर्षअघि दलाललाई मोटो रकम बुझाएर उनका दुई छोरा अमेरिका छिरेका छन् । दाइहरू गएको देखेर उनका कान्छा छोरा पनि अहिले बाटोमै छन् ।'गाउँमा रोजगारी छैन, आयआर्जनको गतिलो बाटो छैन । गाउँमा अमेरिका जाने लहर चलेपछि सबै युवा त्यतै लागेका छन्' वडा सदस्य पुन भन्छन्, 'नगएकाहरू पनि ढिलोचाँडो अवैध बाटोबाट अमेरिका जाने तयारीमा छन् ।' गाउँमा अमेरिका जाने क्रम यति चर्को छ कि गाउँमा युवाहरू भेटिनै मुश्किल परेको सुनाउँछन् उनी । यो क्रम नरोकिए गाउँ नै खाली हुने उनी सुनाउँछन् । भन्छन्, 'हिजो अमेरिका साम्राज्यवादी भनेर आफैं लड्न हिंडे, आज उनकै सन्तान अमेरिका जान मरिहत्ते गरिरहेका छन् ।'

*स्रोत; अनलाईन खबर*

# जिल्लाको तिन वटै गाउँ गाउँपालिकाका जडिबुटीको लागि परिचित ठाउँ भएकोले बिक्रि वितरणको परियोजना सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउने प्रधानमन्त्रीको भनाई।

❖ बालाराम शेर्पाली

लुम्बिनी प्रदेशको हिमाली र दुर्गम जिल्ला रुकुम पूर्वको पुथाउत्रगंगा गाउँपालीका वडा नं.१ मैकोटमा मंसिरे संक्रान्ति कार्यक्रममा प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पुथा उत्तरगां गाउँपालिका वडा नम्बर १ मैकोट पुग्नुभएको हो । उहाँ संगै जिल्ला स्तरीय कार्यकर्ता पनि सहभागी हुनुभएको थियो । रुकुम पूर्व जिल्लामा रहेको प्राकृतिक स्रोतको अधिकतम उपयोग गरेर समृद्ध बनाउनका लागि आफ्नो ध्यान गएको समेत बताएका छन ।



२०८० (मंसिर सक्रान्ती) को अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले हिमाली जिल्ला अन्तर्गतपर्ने रुकुम पूर्वको सडक, जडिबुटी, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका क्षेत्रको विकासका लागि पहल गर्ने पूर्वी रुकुमको हिमाली जिल्लासंग चीनले हिमाली नाका सँगसम्बन्धी थुप्रै परियोजना अन्तर्गतको एउटा आयोजना रुकुम पूर्वमा पनि ल्याइने र जिल्लाका नागरिकहरुको जीवनस्तरमा सुधारमा सञ्चालनको लागि सहमति भएको जानकारी पनि दिएका छन । मिटरब्याजीविरुद्धमा कानुन रहेको गाउँलाई जीवित संग्राहलयको रुपमा विकास गर्नमा आवश्यक बजेटको व्यवस्था गर्ने प्रधानमन्त्रीले बताउनुभएको छ। उक्त कार्यक्रममा भूमे गाउँपालीकाबाट मौलिक कला र लोप उन्मुख ढङ्गै नचारु नाच र मयुर नाच पैसेरु नाच सहित विभिन्न झाकि पनि देखाईएको थियो ।

वडा नं.१ मैकोटमा मंसिरे संक्रान्ति मईँ छिउ सगराँत उत्सव,

बनाएर कारबाही गरी पीडित नागरिकलाई न्याय दिलाएको र वर्तमान सरकारले विकास निर्माणको कामलाई पनि अगाडि बढाएको जानकारी दिनु भएको छ।

यस्तै सहिद मार्गलाई स्तरोन्नती र गन्तव्यसम्म पुयाउने बजेट व्यवस्था गर्ने मध्यपहाडि राजमार्गको लागि आवश्यक बजेट व्यवस्था गर्न सम्बन्धित मन्त्रालय र विभागमा आफैले पहल गर्ने रुकुम जिल्लाको तिन वटै गाउँ गाउँपालिकाका जडिबुटीको लागि परिचित ठाउँ भएकोले बिक्रि वितरणको परियोजना सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउने र । जिल्लाको विभिन्न स्थानमा रहेका मौलिक बनावट, घरको छतमा रहेका ढोक्रा



**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. पदमश्री साहित्य पुरस्कार, २०७९ कसलाई प्रदान गरिने भएको छ ?

✍ डा. देवीप्रसाद सुवेदीको उपन्यास "मनु" लाई प्रदान गरिने।

२. राष्ट्रिय शिक्षा दिवस कहिले मनाइन्छ ?

✍ असोज २ (यसअघि अन्तराष्ट्रिय साक्षरता दिवसका दिन सेप्टेम्बर ८ मा मनाइने यो दिवस २०७५ असोज २ गते सबै बालबालिकालाई अनिवार्य र निः शुल्क शिक्षा दिने सम्बन्धि ऐन पारित भएको दिनलाई नै शिक्षा दिवसको रुपमा मनाउने निर्णय नेपाल सरकाले २०८० जेठ ९ गते गरेको थियो।)

३. नेपालको सबैभन्दा बढी स्थानीय तह भएको जिल्ला कुन हो ?

✍ सर्लाही (२० वटा स्थानीय तह जसमा ११ नगरपालिका र ९ गाउँपालिका रहेका छन भने सबैभन्दा कम स्थानीय तह भएको जिल्ला रुकुम (पूर्व) जम्मा ३ वटा स्थानीय तह जसमा ३ वटा गाउँपालिका रहेका छन)

४. वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा सबैभन्दा बढी कुन धर्मालम्बीहरुको बसोबास छ?

✍ हिन्दु (कुल जनसंख्याको ८१.१९ प्रतिशतले हिन्दु धर्म मान्दछन्।)

५. प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्र संघको ७८ औं महासभामा सहभागी हुन अमेरिकाको न्युयोर्क कहिले प्रस्थान गर्नुभएको हो ?

✍ वि.सं. २०८० भदौ ३० गते

६. केटी मान्छे देखे वित्तिकै विरामी हुने वैज्ञानिक को हुन् ?

✍ हेनरी केभेन्डिस

७. नेपालको सबैभन्दा बढी पानी पर्ने स्थान कुन हो ?

✍ लुम्ले, कास्की

८. चिउरीको वोट दाइजो दिने प्रचलन कुन जातिमा रहेको छ ?

✍ चेपाङ

९. सुर्मा सरोवर बझाङ जिल्लामा पर्दछ भने इन्द्र सरोवर कहाँ पर्दछ ?

✍ मकवानपुर (यो करिव ७ कि.मि. क्षेत्रफलमा फेलिएको नेपालको सबैभन्दा ठूलो मानव निर्मित ताल हो ।)

१०. १९ औं एसियाली खेलकुद कहाँ हुदै छ ?

✍ चीन (२०२३ सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म सञ्चालन हुने खेलमा जम्मा ४० वटा खेल समावेश गरिएको छ भने नेपालले २९ वटा खेलमा प्रतिस्पर्धा गर्ने।)

संकलन : चेतन बुढा मगर
भूमे-६, रुकम (पूर्व)

# जैविक सुरक्षा र यसको महत्व



नारायण ओली
नायब पशु सेवा प्राविधिक

***परिचयः***

बर्तमान अवस्थामा पशुपालन क्षेत्रमा पनि जैविक सुरक्षाको महत्व दिन प्रतिदिन बढिरहेको पाउंछौं किनकि पशुपालन मानिसको लागि खाद्य बस्तुसित मात्र नभएर प्रत्यक्ष रोजगारीसित पनि सरोकार भएको विषय हो । तसर्थ जैविक सुरक्षाको विषयलाई अलग राखेर पशुपालन क्षेत्रलाई अगाडि बढाउने भन्ने कुरालाई कल्पना सम्म पनि गर्न सकिन्न । दिगो पशुजन्य उत्पादनमा जैविक सुरक्षाको प्रमुख भूमिका रहेको छ भने जैविक सुरक्षाको सिद्धान्त नै पशु स्वास्थ्यको आधार भएको छ जसले गर्दा यसको सम्बन्ध खाद्य सुरक्षा, जुनोटिक रोग (पशुबाट मानिसमा सर्ने रोग) को नियन्त्रण र व्यापारसित गांसिएको छ ।

पशुपंक्षीपालनमा बढ्दो व्यवसायीकरणसंगै उन्नत नश्लका बढी उत्पादशिल पशुपंक्षीमा उल्लेख्य रुपमा लगानी पनि बढ्दो छ। उन्नत नश्लका पशुपंक्षीहरु तुलनात्मक रुपमा रोगहरु प्रति बढी सम्वेदनसिल हुने भएकोले व्यवसायिक फार्महरुमा जैविक सुरक्षा अपनाउन ज्यादै आवश्यक देखिन्छ । साथै निर्वाहमुखी उत्पादन प्रणालीमा वा मिश्रित खेती प्रणाली अपनाई आएका अवस्थामा पनि खास गरी खाद्य स्वच्छता तथा रोगको प्रकोप न्यून गर्न जैविक सुरक्षाका उपायहरु प्रभावकारी सिद्ध भएको पाइएको छ । तसर्थ जैविक सुरक्षाको अवधारणालाई दुध, मासु, फुल जस्ता पशुजन्य पदार्थको उत्पादन, ओसारपसार, प्रशोधन तथा उपभोगका हरेक चरणमा आवद्ध गर्नु अपरिहार्य देखिन्छ ।
पशुपंक्षीहरुमा रोगको संक्रमण न्यून गर्न, रोग फैलनबाट बचाउन र रोकथाम तथा उपचारमा हुने खर्च कटौती गर्न र अन्ततः स्वच्छ एवं स्वस्थकर पशु जन्य उत्पादनमा जैविक सुरक्षाको अवलम्बन एक अनिवार्य आवश्यकता बन्न पुगेको छ।

***जैविक सुरक्षा भनेको के हो ?***

१. जैविक सुरक्षा भनेको सुरक्षित जीवन हो ।
२. जैविक सुरक्षा एक प्रकृया हो जसले जीवाणुको संक्रमण तथा आक्रमणबाट बचाउंछ र यो प्रकृया एक ठाउं वा स्थानमा मात्र नभएर फार्म, जिल्ला, क्षेत्र तथा मुलुकभरि लागु गर्न सकिन्छ ।
३. जैविक सुरक्षा एक व्यवस्थापकीय प्रकृया हो र यसका सतर्कताका उपायहरुले रोगहरु उत्पन्न हुन वा रोगको

***जैविक सुरक्षा कहिले अपनाउने ?***

जैविक सुरक्षा रोग फैलिएको समयमा मात्र नभैकन हरसमयमा अपनाउनु पर्दछ ।
जैविक सुरक्षा कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ ।

**निःसंक्रमण**

भनेको रोगका कारक जिवाणु तथा विषाणुहरुलाई खास रसायनहरुको प्रयोगले मार्ने वा यिनीहरुको बृद्धिलाई रोक्ने कार्य हो । यस कार्यमा प्रयोग गरिने रसायनहरुलाई भनिन्छ ।

***केही प्रचलित निःसंक्रमण रसायनहरुः***

(१)अक्सिडाईजिंग एजेण्टहरु(हाईडोजन पेरोक्साईड र भिरकन)।
(२) अलकोहलहरु (ईथानोल) ।
(३)हेलोजेनहरु(सोडियम हाईपोक्लोराईट, लुगा धुने सोडा) ।

**रोग मुक्तिकरण**

रोग मुक्तिकरण भनेको सरसफाई वा निःसंक्रमणको माध्यमबाट रोगको कारक जिवाणु, विषाणुलाई मुक्त गर्ने वा नकारात्मक असर गर्ने रसायनहरुको प्रभावलाई शून्य गर्ने हो । तसर्थ रोग

मुक्तिकरणले जैविक सुरक्षा र निःसंक्रमणमा गहिरो सम्बन्ध राख्दछ ।

***जैविक सुरक्षा अपनाएमा के हुन्छ ?***

- मनलाई शान्ती मिल्ने ।
- पशुपंक्षीको सुरक्षा हुने ।
- व्यवसाय फष्टाउने ।
- उद्योगको उन्नती हुने ।
- समुदायको उन्नती हुने ।

***असल तथा उचित जैविक सुरक्षाबाट प्राप्त हुने फाईदाहरु***

- रोगको खतराबाट मुक्त गराउंछ ।
- जनस्वास्थ्य सम्बन्धि रोगहरुमा कमी आउंछ ।
- डरोगलाई उत्पन्न हुन र फैलनमा सिमित गरि रोगहरुबाट बचाउंछ ।
- धेरै पशुपंक्षीको स्वास्थ्यमा सुधार ल्याउंछ ।
- रोगको रोकथाम र उपचारमा हुने खर्चलाई कमी गराई आयमा बृद्धि गराउंछ ।
- फार्मको उत्पादन क्षमतामा बृद्धि ल्याउंछ ।

***रोग फैलिन सक्ने कारणहरु***

- मानिस तथा पशुहरुको स्थान परिवर्तन तथा आवागमन को कारणले ।
- पशुपंक्षी फार्म अवलोकन गर्न आउने मानिस र सवारी साधन तथा ढुवानीको प्रयोजनका गाडीहरु ।
- फार्ममा, गोठ तथा खोरमा प्रवेश गराईएका नयां पशुपंक्षीहरु ।
- छिरछिमेकका पशुहरुसितको सम्पर्क ।
- फार्ममा एक आपसमा प्रयोग गरिएका सामग्रीहरु ।
- जंगली जनावर र जंगली पंक्षीहरुको संसर्गमा आएको वा तिनहिरुबाट लसपस भै दुषित भएको सामग्रीहरु ।
- पशुपंक्षीले दुषित नदीनालाको पानी खाएमा वा प्रयोग गरेमा ।

***रोग फैलिन नदिने उपायहरु***

- जैविक सुरक्षाको आवश्यकता तथा महत्व बारे सचेत हुने ।
- कपडा, जुत्ता वा हातबाट फार्म÷गोठ÷खोर संक्रमण हुन सक्ने वा रोग फैलिन सक्ने हुंदा कपडा, जुत्ता बदल्ने र यसको सरसफाई प्रति ध्यान दिने ।
- सकेसम्म फार्मगोठ खोर अवलोकन गर्न आउने मानिस तथा अन्य गाडीहरुलाई सिमित गर्ने । गोठ, खोर भन्दा टाढै गाडीहरु पार्किङ्गको व्यवस्था गर्ने आवश्यकतानुसार नियन्त्रण गर्ने।
- फार्म÷गोठ÷खोरसम्म जाने बाटो, गाडी राख्ने ठाउं, दानापानी खाने ठाउँ घांस दाना राख्ने ठाउँ र सो क्षेत्रलाई राम्ररी सफा गर्ने ।
- पशुपंक्षीहरुलाई छिमेकीको पशुपंक्षीसित सम्पर्कमा आउन नदिने यसको लागि बधुवापालन वा गोठ÷खोरमा नै राख्ने ।
- औषधि उपचारमा प्रयोग हुने सामग्रीहरु (औषधि सुई लगाउने र औषधि खुवाउने) को बेग्लाबेग्लै प्रयोग गर्ने।
- फार्म,गोठ,खोर सफा गर्ने सामग्रीहरु छिमेकीसित वांडचुंड गरि चलाएको भए राम्ररी निःसंक्रमण गरि मात्र प्रयोग गर्ने ।
- सफा पिउने पानीको मात्र प्रयोग गर्ने ।
- पशुबस्तुको आलो मल छरेको भएमा करिब ६ हप्तासम्म पशुपंक्षीलाई त्यसको सम्पर्कबाट टाढै राख्ने।
- पशुबस्तुको पहिचान गर्ने र अभिलेख राख्ने प्रणालीलाई चुस्त र दुरुस्त राख्ने ।
- फार्म÷गोठ÷खोरमा कुनै पशुपंक्षी बिरामी भए वा भएको शंका लागेमा ढिलो नगरिकन त्यसलाई अलग राखि प्राविधिकलाई खबर गर्ने ।
- मरेको पशुपंक्षीहरुलाई गहिरो खाल्डो खनी पुर्ने वा जलाउने वा डिस्पोजल पिटमा हाली राम्ररी तह लगाउने ।

***पशु उत्पादन प्रणालीमा जैविक सुरक्षाका महत्वपूर्ण उपायहरु***

१. पशुपंक्षीसित प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्दा ध्यान दिनु पर्ने कुराहरुः
मानिसहरुको आवत जावत र गाडी लगायतका अन्य साधन सामाग्रीहरुलाई पशुपंक्षी राखिएको ठाउं, क्षेत्र, गोठ, खोर, पशु बजार तथा पशु राखिने स्थानहरुमा सकेसम्म कम गर्नु पर्दछ जसले गर्दा मानिस, गाडी तथा अन्य विभिन्न औजार र सामग्रीहरुबाट (घांस, दाना, पराल, दुध, अण्डा, मल लगायतका अन्य पदार्थ आदि बोक्ने गाडा, गाडी जसले रोगका जीवाणुहरु पनि बोक्न सक्दछन्) दुषित हुन सक्ने संभावना कम हुन्छ ।

पशुपंक्षीसित प्रत्यक्ष सम्पर्क भैरहने अवस्थामा लगाईने कपडा, जुत्ता, गमबुट, प्रयोग गरिने वा गरिएको सामग्री, गाडी आदिलाई सम्पर्कमा आउनु अगाडी र सम्पर्कमा आई सके पछि राम्ररी सफा र निःसक्रमण गर्नु पर्दछ ।

***एउटा जैविक सुरक्षाको उपायले सबै रोगहरुको रोकथामको उत्तर दिदैंन तसर्थ रोगको रोकथामको उपायहरुको लागि एकीकृत कार्यक्रमको आवश्यक हुन्छ । यसको लागि एक कृषकको फार्ममा निम्न कुराहरुमा ध्यान दिन सकिन्छ ।***

आफुले पालेका पशुहरुको बारेमा सबै विवरण खुल्ने गरी अभिलेख राख्ने (पालिएको सबै पशुपंक्षीको विवरण÷अभिलेख दुरुस्त राख्ने) जुन अभिलेखले सबै पशुहरुको विवरण दिन्छ ।
पशु बथान शुरु गर्दा राम्रो र स्वस्थ पशुबाट शुरु गर्ने ।
संभव भएसम्म बधुवा गरी वा बन्द पद्धति अपनाउने जसले गर्दा छाडा रुपमा पालिएको अन्य पशुहरुको सम्पर्कमा आउने संभावना हुंदैन ।
खाद्य स्वच्छताको दृष्किोणबाट सुरक्षित पशु औषधिको प्रयोग गर्न पशु चिकित्सक तथा अनुभवी प्राविधिकको सल्लाह र सिफारीसमा मात्र आवश्यकतानुसार औषधिको प्रयोग गर्ने अन्यथा धेरै प्रयोग भएको अवस्थामा पशुजन्य पदार्थको माध्यमबाट जनस्वास्थ्यमा असर पर्न सक्छ ।
राम्रो सरसफाईको अभ्यास गरी फार्म क्षेत्रलाई सफा राख्ने ।
बथानका सबै पशुपंक्षीहरुको लागि आवश्यक गोठ खोर र ठाउंको राम्रो व्यवस्था मिलाउने ।

**पशुपंक्षीहरुमा दवाव र तनाव वा सकस कम गर्ने ।**
प्रशस्त मात्रामा आहारा खुवाउने र आहारा खुवाउंदा विभिन्न मौसम अनुसार सन्तुलित आहाराको व्यवस्था गर्ने ।
बथानलाई गोठ तथा खोरबाट हटाई सके पछि पनि त्यस ठाउंमा रोग उत्पन्न गर्न सक्ने जीवाणुहरु रहि रहने हुंदा जैविक सुरक्षाको विधि अपनाएर मात्र पुःन प्रयोग गर्ने ।

**पशुहरुमा नयां रोग भित्रिन नदिन के के गर्न सकिन्छ ?**

- नयां पशु खरीद गरिएको भए त्यसालई कम्तिमा पनि २ हप्तासम्म बथानसित नमिसाई बेग्लै राख्ने जसले गर्दा सो पशुमा कुनै रोग लागि सकेको भए थाहा पाउन सकिन्छ ।
- यदि पशुलाई कुनै प्रदर्शनीमा लगेर ल्याएको भएमा त्यसलाई बथानमा नमिसाईकन बेग्लै ठाउंमा राख्ने यदि यो संभव नभएमा कम्तिमा पनि छुट्टै कुनामा राख्ने ।
- यदि पशुहरु अन्य पशुहरुसित सम्पर्कमा आएको भए वा अन्य कुनै बाहिरको पशु फार्म तथा गोठ, खोरमा प्रयोग हुने भांडाकुंडा तथा औजारहरुसित सम्पर्कमा आएको अवस्थामा त्यस्तो पशुहरुलाई पनि करिब २ हप्तासम्म निगरानीमा राखि रोगको स्थिति अध्ययन गर्नु पर्दछ ।
- फार्म, गोठ खोरमा प्रयोग हुने रौं झार्ने ब्रुस, दानापानी दिने भांडावर्तन आदि साझा रुपमा अरुसित प्रयोग गर्नु हुंदैन किनकि यसबाट छाला र स्वासप्रश्वास सम्बन्धि रोग लाग्ने बढि संभावना हुन्छ । यदि अरुसित मागेर ल्याई काम चलाउनु पर्ने भएमा प्रयोग गर्नु अगाडि राम्ररी सफा र निःसंक्रमण गरेर मात्र प्रयोग गर्ने र प्रयोग गरि सके पछि पनि राम्ररी सफा र निःसंक्रमण गरी मात्र फिर्ता दिने ।
- पशु मेला, फार्म, गोठ, खोरको अवलोकन गर्न आउनेहरुलाई पशु छुने तथा पशुलाई केहि खुवाउने जस्ता कार्यलाई हतोत्साह गर्ने किनकि मानिसको माध्यमबाट एक पशुबाट अर्को पशुमा, एक जनावर देखि अर्को जनावरमा जाने भएकोले रोग उत्पन्न गर्ने

जीवाणु पनि साथै फैलने मौका पाउन सक्ने हुन्छ । ठुला फार्ममा यस्तो अवस्थामा कृपया पशुलाई नछुनु होला साथै केहि पनि नखुवाउनु होला भन्ने लेखिएको साईनबोर्ड पनि राख्न सकिन्छ वा आगन्तुकहरुलाई अग्रिम जानकारी गराउने ।

- व्यक्तिगत सरसफाईमा राम्ररी ध्यान दिनु पर्दछ किनकि पशुपंक्षीहरु जनस्वास्थ्यमा असर गर्ने रोगहरुको श्रोत पनि हुन सक्छन् । साथै मानिसहरु पनि पशुहरु बीच रोग सार्ने माध्यम बन्न सक्छन् । यसकारण फार्ममा पशुको सम्पर्कमा आउनु अगाडि हातलाई सफा पानी र साबुनले धोएर सफा लुगा, जुत्ता,गमबुट आदि लगाउने र पशुको सेवा गर्दा लगाईएका लुगा, जुत्ताः गमबुट जस्ता सामग्रीहरुलाई काम सकिए पछि राम्ररी सफा र निःसंक्रमण गरेर राख्ने ।
- व्यवसायिक ठूला फार्म अवलोकनको सिलसिलामा आउने आगन्तुकहरुलाई संभव भएसम्म फार्मबाट तयार पारिएको लुगा, जुत्ता आदि उपलव्ध गराउन उपयुक्त हुन्छ ।
- पशु ढुवानी गर्ने गाडी, कामको लागि प्रयोग हुने गाडा, जोत्ने हलो जस्ता सामग्रीहरुलाई प्रयोगमा ल्याउनु अगाडि निसंक्रमण गर्नु पर्दछ ।


## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं ।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

कमल बिश्वकर्मा(साहित्य मन)

**गजल १**

दशै आयो, तिहारआयो छुट्टी पाएन प्रदेशिले!!
यादहरुको कोसेली पठायो छुट्टी पाएन प्रदेशिले!!

मन जसो-तसो सम्हालेको छु मेरि आमा,,
फेरि पुरानै तस्बिर समायो छुट्टी पाएन प्रदेशिले!!

दैब ले आँखा नलाए आमा अर्को साल रमाउला,,
आखामा टिल्बिल आँसु बगायो छुट्टी पाएन प्रदेसिले!!

गाउँ,घर दशै तिहार रमाइलो बेग्लै हुन्छ नि,,
प्रदेश मा त ड्युटिसङ्ग रमायो छुट्टी पाएन प्रदेशिले।।


**गजल २**

ऊ प्रकृति हो उसलाई सिङ्गो संसार परेको छ।
मेरो भाग्मा भने हरबखत नै गद्दार परेको छ।

तपाईँले कति हलुकाको साथ भाला हान्नु भयो।
त्यही बचनका भाला मेरो मुटुमा भार परेको छ।

बत्तीको उज्यालो परेको छ बरु स्वार्थी सहरमा।
मेरो हत्केलामा बिजुलीको नाङ्गो तार परेको छ।

आखा नै बन्द नगरी जस्ले छातीमा छुरा रोप्यो ।
फेरि उसैको अवयवमा मेरो आधा प्यार् परेको

कार्यक्रम संचालनको लागी प्रस्ताव आव्हान सम्वन्धि सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/०८/०६ गते)

सुचना नं. ३

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रुकुम पुर्वको आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रथम पटक सूचना प्रकाशन गरिएकोमा तपशिलका कार्यक्रमहरुमा पर्याप्त प्रस्ताव नआएकोले यस परियोजना कार्यान्वयन एकाइ, रुकुम पूर्वमा सूचीकृत भएका इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि उद्यमि फर्म/जल उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित दोश्रो पटक सूचना प्रकाशन भएको मिति २०८०/०८/०६ गते देखि २०८०/०८/२० गते (१५दिन) भित्र परियोजना कार्यान्वयन एकाइ, रुकुम पूर्वमा प्रस्ताव पेश गर्नुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क.स. | कार्यक्रम/कियाकलाप | एकाई | लक्ष्य | वजेट (रु. लाखमा) | उपलव्ध हुने अनुदान | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | संख्या | १ | १५ | बढिमा ८५ % | आलु जोन, रुकुम पुर्व |
| २. | चक्लावन्दिमा जोन संचालनको लागी सहकारी र निजि क्षेत्रवाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | संख्या | २ | १० | बढिमा ५० % | आलु जोन, रुकुम पूर्व |
| ३. | प्राविधिक शिक्षालयको साझेदारिमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | पटक | १ | १० | बढिमा ७५ % | रुकुम पूर्व र रोल्पा |

कार्यक्रम संचालन हुने कार्यक्षेत्रहरु

| | |
|---|---|
| ओखर जोन रुकुम पूर्वको कार्यक्षेत्रः | रुकुम पुर्व जिल्लाभरी |
| आलु जोन रुकुम पूर्वको कार्यक्षेत्रः | सिस्ने गाँउपालिका वडा नम्वरः- ४,५ र ६<br>भुमे गाँउपालिकाः- १, २, ६ र ७<br>पुथाउत्तरगंगा गाँउपालिकाः- ८, १०, ११ र १२ |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. रु १०/- को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन

२. कृषि फर्म/कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाण पत्र, नविकरण, प्यान/भ्याट दर्ता प्रमाण पत्र, गत आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

३. कृषक समुह/कृषि सहकारीको हकमा योजना माग सम्वन्धमा गरिएको वैठकको निर्णयको प्रतिलिपि/जिम्मेवारी तोकिएको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

४. सम्वन्धित स्थानीय तह (गाँउपालिका, नगरपालिका वा वडा कार्यालय) को सिफारिस पत्र

५. अन्य कुरा प्रचलित कानुन वमोजिम हुने छ र रित नपुगि र म्याद नाघि प्राप्त निवेदन उपर कुनै कार्यवाहि हुने छैन ।

**नोटः**

१. विगत आ.व.हरुमा यस कार्यालयवाट अनुदान प्राप्त नगरेका कृषक समुह/कृषि सहकारी र कृषि उद्यमि फर्महरुलाई विशेष प्राथमिकता दिइनेछ ।

<u>थप जानकारीका लागि</u>

परियोजना कार्यान्वयन एकाई, रुकुम पूर्व- ०८८-४१३११४, ९८५७८७७०२३

२०८०।८।५

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय  कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी –बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।